नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ११४ २०७८ साल मंसिर १४ गते मंगलबार (30 Nov. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विवाह पञ्चमीको तयारी तीव्र,.. ३ पृष्ठमा : ओमिक्रोन भेरिएन्ट कति घातक छ.. ३ पृष्ठमा : अपरिचितको सामान ...

# मंसिर १७ देखी गाउँ-गाउँ पुग्दै मतदाता नामावाली संकलन टोली




**दैनिक समाचारदाता**
**राजबिराज, १३ मंसिर ।**

जिल्ला निर्वाचन कार्यालय सप्तरीले मतदाता नामावली संकलनका लागि मंसिर १७ देखी जिल्लाको विभिन्न गाउँपालिका र नगरपालिकामा खटिने भएको छ ।

सोमबार एक कार्यक्रमको आयोजना गर्दै जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली संकलन बारे सो जानकारी दिएको हो ।

फोटोसहितको मतदाता नामावली संकलन २०७८ अन्तरगत संचालन हुने कार्यक्रम बारे जिल्ला स्तरमा सरोकारवालाहरु सँग गरिएको उक्त अन्तरक्रिया कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले मंसिर १७ देखी गाउँ गाउँमा मतदाता नामावली संकलन गर्ने टोली परिचालन हुने बताए ।

आउँदो निर्वाचनलाई लक्षित गरि निर्वाचन कार्यालयले गाउँ गाउँमा पुगि मतदाता नामावली संकलन कार्य सुरु गरेको हो । पहिलो चरणमा मंसिर १७ देखी पुस २५ सम्म जिल्लाको सबै नगरपालिका तथा तिरहुत र अग्निसाइर कृष्णसवरण गाउँपालिकामा प्राविधिक टोली खटाएर मतदाता नामावली संकलन गरिने छ ।

यस्तै दोश्रो चरणमा पुस ४ गतेदेखी पुस २५ सम्म बाँकी रहेका अन्य सबै गाउँपालिकामा टोली पुग्ने जिल्ला निर्वाचन अधिकारी जोशीले जानकारी दिए ।

हरेक स्थानिय तहमा प्रमुख नाम दर्ता अधिकारीको नेतृत्वमा तालिम प्राप्त कर्मचारी र प्राविधिकसहितको टोली पठाएर मतदाता नामावली संकलन गर्ने तयारी गरिएको र यसका लागि आवश्यक पर्ने कर्मचारी करारमा राखिएको उनले बताए ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, प्रमुख जिल्ला अधिकारी जनार्धन गौतम, पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, जसपाका केदार यादव, लोसपाका सुनिल झा, नेकपा माओवादी केन्द्रका बिनोद यादव, जनमत पार्टीका परमानन्द माली, लगायतले पनि विभिन्न सुझाव दिँदै मतदानका लागि उमेर पुगेका र योग्य मतदाताको मतदान अधिकार सुनिश्चित गर्न थालिएको मतदाता नामावली संकलन कार्यमा गाउँ गाउँ पुग्ने टोलीलाई सबैले सहयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

सप्तरीमा २०७७ पुस ५ सम्ममा १ लाख ८६ हजार ९ सय ४७ पुरुष तथा १ लाख ७० हजार ८ सय ३७ गरि कुल ३ लाख ५७ हजार ७ सय ८४ मतदाता छन् । त्यसपछि हालसम्मको अवधीमा तेश्रोलिङ्गी २१ सहित राजविराज, कंचनरुप र बोदेबरसाइन नगरपालिकास्थित प्रशासन कार्यालयमा थप १७ हजार मतदाताले नाम दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# पछिल्लो २४ घण्टामा २ सय ५९ मा कारोना संक्रमण

काठमाडौँ, १३ मङ्सिर (रासस) ।

पछिल्लो २४ घण्टामा मुलुकमा २ सय ५९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

सात हजार २३१ जनाको पीसीआर परीक्षण गर्दा २४३ र दुई हजार ६५७ जनाको एन्टिजेन परीक्षण गर्दा १६ गरी कूल २५९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो । योसँगै नेपालमा हालसम्म कोरोना सङ्क्रमितको संख्या नौ लाख १६ हजार ६०९ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा २६४ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । योसँगै हालसम्म सङ्क्रमणमुक्त हुनेको संख्या आठ लाख दुई हजार ६५३ जना पुगेको मन्त्रालयले जनाएको छ । देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ६ हजार ९४४ रहेका छन् ।

तीमध्ये ६ हजार ५४१ होम आइसोलेशनमा र ४०३ जना संस्थागत आइसोलेशनमा छन् । सङ्क्रमितमध्ये १५९ आइसीयू र ३७ जना भेन्टिलेटरमा उपचाररत छन् । त्यसैगरी १० वर्ष मुनिका सात बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । ११ देखि २० वर्ष उमेर समूहका १७ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ ।

पछिल्लो २४ घण्टामा एक जना सङ्क्रमितको मृत्यु भएको छ । योसँगै नेपालमा मृत्यु हुनेको संख्या ११ हजार ५२४ पुगेको छ ।

# काँग्रेसमा धमाधम अधिवेशन सम्पन्न हुँदै

**दैनिक समाचारदाता**
**राजबिराज, १३ मंसिर ।**

सप्तरीमा काँग्सको वडा, गाउँ र नगरको अधिवेशन सकिएपछि अहिले प्रदेशसभा क्षेत्रिय अधिवेशन र कार्यसमिति चुन्ने क्रम चलिरहेको छ ।

सप्तरीको ४ नं. क्षेत्र बाहेक सबै क्षेत्रमा सोमबारसम्ममा वडा, गाउँ, नगर र प्रदेशसभा क्षेत्रिय समितिको अधिवेशन सकिएको छ ।




पछिल्लो पटक सप्तरीको क्षेत्र नं. २ को क को प्रदेशसभा क्षेत्रिय कार्यसमितिको चयन गरिएको छ । यहाँ सहमति हुन नसक्दा निर्वाचन प्रणालीद्वारा नयाँ कार्यसमिति चयन गरिएको काँग्रेस सप्तरीका प्रवक्ता प्रभात कुमार ललनले जानकारी दिए ।

सोमबार बिहान घोषित मतगणना परिणाम अनुसार प्रदेशसभा क्षेत्रिय क को सभापतिमा संस्थापन पक्षका महेन्द्र यादव प्यानलसहित निर्वाचित भएका छन् । यादवले १ सय ६८ मत पाउँदा निकटतम प्रतिद्वन्दी संस्थापन इतर पक्षका ऐनेश्वर दासले ९२ मत मात्र प्राप्त गरे ।

कुल ८ प्रदेश सभा क्षेत्रिय कार्यसमिति रहेको जिल्लामा हालसम्म ६ वटाको अधिवेशन सम्पन्न भएको छ । जसमध्ये संस्थापन पक्षका ४ र संस्थापन इतर पक्षिय २ जना सभापतिले

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# किसानहरु समस्या कहिले समाधान हुने

सप्तरीका किसानहरुले हरेक वर्ष खेती गर्ने समयमा तथा खेती गरिसकेपछि बाली काट्ने समयमा विभिन्न समस्याहरु झेल्नु परेको छ। खेती गर्ने बेला सिचाईको समस्या, मलखादको समस्या र कामदारको समस्या बाबजुद पनि उनीहरु खेती सम्पन्न गर्ने गर्छन्। रोपाई सम्पन्न पछि बाली कटाईको बेला कामदारहरु नपाइने कारणले गर्दा किसानहरु जसोतसो कटान पनि सम्पन्न गर्ने गरेका छन्। यति मात्र नभएर बाली कटान गरि घरमा थन्काएपछि किसानहरुले उत्पादन गरेका बालीको उचित मुल्य पाउन पनि अरुकै भर पर्नु पर्ने हुन्छ।

यस्तो अवस्थामा किसानहरु झनै तनावमा पर्छन्। यो समस्या एउटा सप्तरीका किसानहरुको मात्र नभएर मुलुकको सम्पूर्ण किसानहरुको रहेको छ। खेती गर्दाखेरीको समस्या भन्दा ठूलो समस्या बाली पाकेर काट्ने बेला हुन्छ। कामदारको अभाव त छदैछ त्यसमा पनि बेमौसमी वर्षा र हावाहुरी समेतले किसानहरुलाई दुःख दिने गर्दछ। पाकेको बाली समेत उक्त कारणले बर्वाद हुन्छ। यस्ता समस्याहरुप्रति सरोकारवाला निकायहरुले किसानहरुको मर्म बुझेर समाधान गर्ने तर्फ अग्रसरता देखाउनु आवश्यक छ।

तसर्थ किसानहरुको यस्ता समस्या एक दिनको मात्र नभएर वर्षेणी हुने गरेकाले तीनै तह स्थानीय, प्रदेश र संघीय सरकार समेतले समस्याको दिर्घकालिन समाधानतर्फ अग्रसर हुनुपर्दछ। अनिमात्र किसानहरुको महिनेतको फल पाउन सफल हुनेछन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विवाह पञ्चमीको तयारी तीव्र, साताव्यापीरुपमा विवाह पञ्चमी महोत्सव मनाइने

जनकपुर, १३ मङ्सिर (रासस)।

हिन्दू धर्मावलम्बीको आस्थासँग जोडिएको सीताराम विवाह पञ्चमी महोत्सवका लागि तयारी तीव्र पारिएको छ।

प्रत्येक वर्ष झैँ यसवर्ष पनि यही मङ्सिर १७ देखि २२ गतेसम्म साताव्यापी सीताराम विवाह पञ्चमी मनाउन लागिएको हो। महोत्सव नजिकिँदै गर्दा अबेर रातिसम्म पाल लगाउनेदेखि मूलद्वार सजावटमा कामदार व्यस्त देखिन्छन्।

मिथिलाको उत्सवमध्ये विवाह पञ्चमीलाई महामहोत्सवका रुपमा भव्यताका साथ मनाउने गरिन्छ। त्रेतायुगमा भगवान् राम सीता विवाहको सम्झनामा प्रत्येक वर्ष विवाह पञ्चमी मनाउँदै आइएको छ।

महामहोत्सव तयारीका लागि दिनरात जानकी मन्दिर प्रशासन लागिपरेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले जानकारी दिनुभयो।

मन्दिर प्राङ्गणमा कार्यक्रमका लागि मञ्च बनाउनेदेखि जानकी मन्दिर तथा मुलद्वार सजाउने कार्य अहिले भइरहेको उल्लेख गर्दै उहाँले प्रत्येक साँझ मन्दिर परिसरमा मङ्गल गीत तथा झाँकीसमेत हुने गरेको बताउनुभयो।

विवाह पञ्चमीका दिन भारतको अयोध्याबाट आउने सन्त महन्थसहितको जन्तीको स्वागतका लागि पन्डाल, स्वागत द्वार निर्माणलगायत कार्यसमेत भइरहेको छ।

अघिल्लो वर्ष विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारीका कारण विवाह पञ्चमी औपचारिकतामा मात्र सीमित थियो। त्यसैले यसवर्ष भव्यरुपमा विवाह पञ्चमी मनाउन विभिन्न १९ वटा समिति एवं उपसमितिसमेत गठन गरिएको जनाइएको छ।

महोत्सवका लागि शान्तिसुरक्षाको व्यवस्था, प्रचारप्रसार, सवारी साधन व्यवस्थापन, अयोध्याबाट आउने जन्तीको स्वागत, विद्युत् आपूर्ति, बजार व्यवस्थापनलगायत समिति गठन गरिएको छ।

भगवान रामको जन्मभूमि अयोध्याबाट हरेक पाँच वर्षमा सीता नगरी जनकपुरमा विशेष जन्ती आउने प्रचलन छ। त्यसैले यसपटक औपचारिकरुपमा जन्ती नआए पनि साधुसन्त र ठूला महन्थ जन्तीकैरुपमा आउने उहाँको भनाइ थियो।

विवाह पञ्चमीमा सहभागी हुन ठूलो सङ्ख्यामा मानिस आउने भएकाले जताततै फोहर बढ्ने हुँदा सरसफाइमा ध्यान दिन र शौचालयको व्यवस्था मिलाउन जनकपुर उपमहानगरपालिकासँग आग्रह गरिएको महन्थ वैष्णबले बताउनुभयो।

फोहर र शौचालय व्यवस्थापनमा उपमहानगरपालिका र जनकपुर बृहत्तर क्षेत्र विकास परिषद्लेसमेत ध्यान नदिने गरेको गुनासो गर्दै उहाँले आफ्नै छोरीको बिहे ठानेर सबैले सहयोगमा चासो दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

महन्थ वैष्णबले प्रदेश सरकारले चाहे केही सरसफाइ र शौचालय व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। विवाह पञ्चमी महोत्सवअन्तर्गत मङ्सिर १७ गते जनकपुर नगर दर्शन, १८ गते फूलबारी लीला, १९ गते धनुष यज्ञ, २० गते तिलकोत्सव, २१ गते मटकोर र २२ गते शुभविवाह तथा २३ गते रामकलेवा कार्यक्रम तय गरिएको छ।

# निक्षेप सात अर्बले घट्दा कर्जा १४ अर्बले बढ्यो

काठमाडौँ, १३ मङ्सिर (रासस)।

वाणिज्य बैंकहरुमा निक्षेपको मात्रा क्रमशः घट्दै गएको पाइएको छ। नेपाल बैंकर्स संघले उपलब्ध गराएको विवरणअनुसार पछिल्लो एक सातामा निक्षेप कूल रु सात अर्बले घटेको छ।

संघका अनुसार यही मङ्सिर ३ गते रु ४२ खर्ब २६ अर्ब रहेको निक्षेप मङ्सिर १० गतेसम्म आइपुग्दा रु ४२ खर्ब १९ अर्बमा सीमित भएको छ। यस्तै मङ्सिर ३ गतेसम्म रु ४० खर्ब ४१ अर्ब बराबरको कर्जा लगानी गरेका वाणिज्य बैंकले मङ्सिर १० गतेसम्म आइपुग्दा रु ४० खर्ब ५५ अर्ब बराबरको लगानी गरेका छन्। यस आधारमा एक सातामा नै रु १४ अर्ब बराबरको कर्जा लगानी भएको देखिन्छ।

गत साउन पहिलो साता रु ४१ खर्ब ५८ बराबर रहेको निक्षेप मङ्सिर १० गतेसम्म आइपुग्दा रु ४१ खर्ब १९ अर्बमा सीमित भएको छ।

यस्तै, साउनको पहिलो सातामा रु ३७ खर्ब ६ अर्ब रहेको कर्जा मङ्सिर १० गतेसम्म आइपुग्दा रु ४० खर्ब ५५ अर्ब पुगेको छ। निक्षेप भने अपेक्षित रुपमा थपिन सकेको छैन।

गत असोज ३१ गतेसम्म सबैभन्दा बढी रु ४२ खर्ब ६९ निक्षेप रहेको थियो। त्यसपछि लगातार निक्षेप घट्ने क्रममा छ। पूँजीगत खर्चमा उल्लेख्य वृद्धि नभएको तथा विप्रेषण आप्रवाहमा समेत गिरावट आएका कारण वाणिज्य बैंकमा निक्षेप बढ्न नसक्दा तरलताको समस्या देखिएको छ।

रुपनी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

प्रदेश नं. २, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति २०७८।०८।१३गते**

यस गाँउपालिकाको मिति २०७८।०७।१० गतेको राजविराज दैनिकमा प्रकाशित सुचना बमोजिमको खानेपानी ट्युवेल खरिद तथा जडान कार्यको लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०७८।०८।१२ गतेको निर्णयानुसार स्वीकृतीको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकासित गरिएको छ।

तपसिल

| क.सं. | ठेक्का सुचना नं. | कामको विवरण | कवोल अंक (मु.अ.कर समेत) | प्रभावग्राही फर्मको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | RRM/RUM/ ०२-०७८/०७९ | खानेपानी ट्युवेल खरिद तथा जडान कार्य रुपनी, सप्तरी | रु २९,५७,६४५।६१ | राधाकृष्ण माँ ज्वालामुखी कन्स्ट्रक्शन हनुमाननगर-१४,सप्तरी |

प्रमुख प्रशासकिय अधिकृत

# तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्रदेश नं. २, नेपाल

प.स. (Letter No) : २०७८/०७९
चलानी नं. (Ref No.) :

Website:www.tirahutmun.gov.np
Email : info@tirahutmun.gov.np
Contact No : 9852860107

### उपभोक्ता समिति गठन गर्ने सम्बन्धी सूचना !
(प्रकाशित मिति : २०७८/०८/१४ गते)

यस तिरहुत गाउँपालिकाको आ.ब. २०७८/०७९ को गाउँ सभाबाट स्वीकृत तपशिलका पालिका स्तरिय योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्नुपर्ने भएकोले देहायको मिति, समय र स्थानमा आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिती गठन गरिने भएकोले सम्वन्धीत सरोकारवालाहरुलाई उपस्थितिको लागि योसूचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि. नं. | योजना/कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| १. | वडा नं। ५ महेन्द्र सेठ घर देखि चन्द्र नहर सम्म माटो ग्राभेल तथा हयुम्पाइप | वडा न ५ | ३०,००,०००।०० | २०७८।०८।२३ | विहान ८ बजे | महेन्द्र सेठ घर नजिक |
| २. | वडा नं। ५ मा अशोक मरिक घर देखि घोनकीसम्म सडकमा माटो ग्राभेल तथा हयुमपाइप जडान कार्य | वडा न ५ | १०,००,०००।०० | २०७८।०८।२३ | दिउँसो १ बजे | अशोक मरिक घर नजिक |
| ३. | वडा नं। ५ मा भेरियको तिनबटियामा तीनै तिर सडकमा आर सि।सि। ढलान | वडा न ५ | ३०,००,०००।०० | २०७८।०८।२४ | विहान ८ बजे | भेरियको तिनबटियामा |
| ४. | वडा नं। ५ मा रामनारायण घर देखि विनोद घर सम्मको आर सि।सि। ढलान गर्ने कार्य | वडा न ५ | ८,००,०००।०० | २०७८।०८।२४ | दिउँसो १ बजे | रामनारायण घर नजिक |
| ५. | वडा नं। ५ विरवल मरिक घर देखि पश्चिम सडकमा माटो ग्राभेल | वडा न ५ | १०,००,०००।०० | २०७८।०८।२५ | विहान ८ बजे | विरवल मरिक घर नजिक |
| ६. | वडा नं। ५ स्लाब क्लवर्ट निर्माण तथा माटो फिलिंग | वडा न ५ | १०,००,०००।०० | २०७८।०८।२५ | दिउँसो १ बजे | महादेब मंदिरमा |
| ७. | वडा नं। ५ मा सन्यासी मंदिर निमार्ण | वडा न ५ | ५,००,०००।०० | २०७८।०८।२६ | विहान ८ बजे | सन्यासी मंदिरमा |
| ८. | वडा नं। ५ लाटी देबी को मन्दिर निर्माण | वडा न ५ | ५,००,०००।०० | २०७८।०८।२६ | दिउँसो १ बजे | लाटी देबी को मन्दिरमा |
| ९. | वडा नं। ५ मा राधा कृष्ण मन्दिर मर्मत संभार | वडा न ५ | ३,००,०००।०० | २०७८।०८।२७ | विहान ८ बजे | राधा कृष्ण मन्दिमा |
| १०. | डिहवार बाबा मंदिरकाे संरक्षण तथा संर्बधन वडा नं। ५ | वडा न ५ | २०,००,०००।०० | २०७८।०८।२७ | दिउँसो १ बजे | डिहवार बाबा मंदिरमा |

योजना शाखा
तिरहुत गाउँपालिका, सप्तरी

**आनन्द कुमार यादव**
**योजना शाखा**

# हार्दिक वधाई एवं शुभकामना


गोपाल प्रसाद गुप्ता


ध्रुब कुमार मण्डल


दिपेन्द्र प्रसाद यादव


महेन्द्र मण्डल "बनबारी"


अनिल कुमार अनल


अरुण कुमार तिवारी

प्रेस सेन्टर नेपालको जनकपुरमा सम्पन्न प्रदेश अधिवेशनबाट प्रदेश नं. २ को प्रमुख सचिवमा गोपाल प्रसाद गुप्ता, सचिवमा ध्रुब कुमार मण्डल, कोषाध्यक्षमा दिपेन्द्र प्रसाद यादव, सदस्यमा महेन्द्र मण्डल "बनबारी", सल्लाहकारद्वयमा वरिष्ठ पत्रकार अनिल कुमार अनल र अरुण तिवारीलाई सर्वसम्मतबाट चयन गरिएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

**देवराम यादव**
**प्रेस सेन्टर नेपाल**

# विश्व समाचार

## ओमिक्रोन भेरिएन्ट कति घातक छ भन्ने बारेमा अनुसन्धान हुँदैछ : विश्व स्वास्थ्य संगठन

जेनेभा, १३ मङ्सिर (रासस/सिन्ह्वा)।

विश्व स्वास्थ्य संगठनले हालै अफ्रिकामा देखा परेको भनिएको कोरोनाको ओमिक्रोन भाइरस के कत्तिको खतरनाक छ र यसले मानिसको स्वास्थ्यमा कति क्षति गर्छ भन्ने बारेमा अनुसन्धान हुन बाँकी रहेको बताएको छ।

विश्व स्वास्थ्य संगठनले यो भाइरस मानिसबाट मानिसमा सजिलै सर्छ या यसले मानिसको स्वास्थ्यमा के कति मात्रामा क्षति गर्छ भन्ने विषयमा अनुसन्धान जारी रहेको र अहिले नै यसको खतरना स्वरुपका बारेमा स्पष्ट नभएको आइतबार जनाएको छ।

दक्षिण अफ्रिकाको धेरै जनसंख्या रहेको प्रान्त खाउतेङमा हालैमात्र यो कोरोना भाइरसको यो नयाँ भेरिएन्ट देखिएको बताइएको छ। यहाँ गएको दुई साता यताका परीक्षणहरुमा यो भेरिएन्टको विकास भएको बताइएको छ। त्यसपछि यो भाइरस दक्षिण अफ्रिकाका अन्य प्रान्तमा पनि देखिएको छ।

ओमिक्रोनलाई यसअघिको डेल्टा भाइरसभन्दा पनि खतरनाक र चिन्ताजनक भेरिएन्ट भनिएको छ। प्रारम्भिक प्रमाणहरूल स्ले उक्त भेरिएन्टमा यसअघिका भाइरसहरुमा भन्दा पनि संक्रमणको जोखिम उच्च रहेको बताइएको छ।

विश्व स्वास्थ्य संगठनले दक्षिण अफ्रिकामा यो नयाँ भेरिएन्ट भेटिएको भनिएको सो प्रान्तमा कोरोना भाइरसका कारण मानिसहरु भर्ना हुनेहरु बढिरहेको पाइएको बताइएको छ तर पनि यो नयाँ भेरिएन्ट के कति मात्रामा बढी घातक छ भन्ने बारेमा भने अझै अनुसन्धान भइनसकेको जनाएको छ।

यो महिनाको सुरुमा दक्षिण अफ्रिकामा पत्ता लागेको यस भाइरसबारे गत बुधवार विश्व स्वास्थ्य संगठनलाई जानकारी गराइएको थियो। सो भेरिएन्ट केही दिनमै विश्वका कैयौँ देशमा फैलिइसहेको बताइएको छ। बेलायतमा पनि यो नयाँ भेरिएन्ट देखिएको बताइएको थियो। त्यस्तै आइतबार यो भेरिएन्ट क्यानाडामा पनि देखिएको बताइएको छ।

## क्यानाडामा कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन भेटिएपछि थप सतर्कता

ओटावा, १३ मङ्सिर (रासस/सिन्ह्वा)।

हालै अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन क्यानाडामा पनि भेटिएको जनाइएको छ। आइतबार क्यानाडाको ओन्टोरियो प्रान्तमा दुई जनामा यो भाइरस भेटिएको यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन्।

ती अधिकारीहरुले ओन्टोरियो प्रान्तका दुई जना नागरिकमा यो नयाँ भेरिएन्ट भेटिएको बताएका छन् तर ती नयाँ सङ्क्रमितहरु कहाँबाट आएका नागरिक हुन् या क्यानाडामा नै सो भेरिएन्ट भेटिएको हो भन्ने बारेमा भने केही बताएका छैनन्।

दक्षिण अफ्रिकामा हालैमात्र भेटिएको भनिएको सो भेरिएन्ट विश्वका कैयौँ देशमा फैलिइरहेको बताइएको छ। उता पछिल्लो समयमा कोरोना भाइरसको डेल्टा भाइरस बढिरहेको भनिएको बेलायतमा पनि यो नयाँ भेरियन्ट देखिएको बताइएको थियो।

यो ओमिक्रोन भाइरस भेटिएपछि बेलायतले अफ्रिकी देशहरुबाट हुने उडान हालका लागि रद्द गरेको जनाएको छ। त्यहाँ अहिलेको भन्दा थप कडा प्रतिबन्धहरुको घोषणा गरिएको पनि प्राप्त समाचारमा जनाइएको छ। बेलायतमा विदेशबाट आउने उडानहरुमा सतर्कता अपनाइने र यात्रुहरुको पिसीआर परीक्षणलाई अनिवार्य गरिने गरी नयाँ मापदण्डहरु लागू गरिएको आइतबार बताइएको छ।

## जापानमा विदेशीलाई प्रवेश निषेध गर्ने तयारी

टोकियो, १३ मङ्सिर (रासस/एएफपी)।

जापानमा फेरि पनि विदेशी यात्रुलाई प्रवेश निषेध गर्ने तयारी भएको छ। सिमानामा कडाइका साथ परीक्षण गर्ने व्यवस्था गर्न लागिएको प्रधानमन्त्री फुमियो किशिदाले सोमबार जानकारी दिनुभयो। अफ्रिकी मुलुकहरुमा कोरोनाभाइरसको नयाँ संस्करणको रुपमा देखिएको ओमिक्रोनको महामारी आफ्नो देशभित्र प्रवेश नगरोस भन्ने उद्धेश्यले विदेशबाट आउनेहरुलाई जापान प्रवेशमा निषेध गर्न लागिएको हो।

"हामीले चाडै नै विदेशबाट आउनेहरुलाई देश प्रवेशमा रोक लगाउने छौँ, त्यो कुनै देश विषेशका लागि मात्रै नभएर विश्वभरीका कुनै पनि देशबाट आउनेहरुलाई रोक लगाउन लागिएको हो," उहाँले भन्नुभयो।

प्रधानमन्त्री किशिदाले नोभेम्बर ३० तारिखदेखि प्रतिवन्धात्मक यो व्यवस्था लागू हुने पनि जानकारी दिनुभयो। जापानमा यसअघि पनि महामारीलाई न्युनिकरण गर्न भन्दै अधिकांश नाका बन्द गरिएको थियो भने विदेशबाट आउनेहरुलाई परीक्षणमा कडाइ गरिएको थियो।

तर गत नोभेम्बरको सुरुदेखि विदेशबाट आउनेहरुलाई प्रवेशमा खुकुलो बनाइएको थियो। नयाँ खुकुलो व्यवस्थाका आधारमा व्यवसायी, विदेशी विद्यार्थी र जापानको भिषा भएकाहरुलाई प्रवेश गर्न दिइएको थियो। टोकियोले गत शुक्रवार नै अफ्रिकी ६ मुलुकबाट जापान आउनेहरुलाई कम्तीमा १० दिन अनिवार्य क्वारेन्टाइनमा बस्नु पर्ने व्यवस्था गरेको थियो।

यस्तो नियम अन्य देशहरुबाट आउनेहरुलाई पनि बढाउदै लगिने प्रधानमन्त्री किशिदाले जानकारी दिनुभयो।"कोरोनाभाइरसको महामारीविरुद्ध जापान सधैँ कठोर रुपमा उभिएकै हो, अहिले ओमिक्रोनविरुद्ध पनि उत्तिकै कडा रुपमा उभिने छ," प्रधानमन्त्री किशिदाले भन्नुभयो।

उहाँले नयाँ भाइरसबाट जोगिन पनि मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने, भिडभाड नगर्ने र प्रतिवन्धात्मक व्यवस्थाहरु कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। जापानमा कोरोनाका कारण अहिलेसम्म १८ हजार तीन सयभन्दा बढीको मृत्यु भएको छ भने ७६.५ प्रतिशतलाई कोरोनाभाइरस विरुद्धको खोप दिइसकिएको छ।

# अपरिचितको सामान नबोक्नुस् कारवाहीमा पर्नु होला !

काठमाडौं, १३ मङ्सिर (रासस) ।
त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विदेशबाट नेपाल आउने यात्रुले तोकिएको परिमाणभन्दा बढी सुन र सूनका गहना, मोबाइल फोन, ल्यापटप तथा मदिराजन्य पदार्थ ल्याएमा जफत हुने विषय पुनः जानकारी गराएको छ ।

उक्त कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाल आउने नेपाली यात्रुले प्रचलित कानूनले दिएको सुविधाभन्दा बढी परिमाण र स्वरुपमा साथमा त्यस्ता सामग्री ल्याएको पाइएमा कानूनबमोजिम कारवाही हुने स्पष्ट गरेको छ । यात्रुमा प्रचलित कानूनी व्यवस्थाको पर्याप्त जानकारी नभएको एवं अन्य अपरिचित व्यक्तिले ललाइफकाइ त्यस्ता सामग्री पठाउने गरेको भनी बयान दिने गरेको विषयप्रति सो कार्यालयले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

नेपाली नागरिक विदेशमा गई स्वदेश फर्कदा व्यक्तिगत प्रयोगका लागि सुनको गहना ५० ग्राम, एउटा ल्यापटप, एक थान मोबाइल र एक लिटरसम्मको एक बोतल मदिरा मात्र भन्सार महशुल छुटमा ल्याउन पाइने जानकारी दिइएको छ ।

कार्यालयद्वारा जारी सूचनामा ५० ग्रामभन्दा थप २०० ग्रामसम्मको सुनका गहनालाई भन्सार महशुल लिइए जाँचपास गर्न सकिने, सोभन्दा ल्याएमा त्यस्तो बढी परिमाण जफत गरिने उल्लेख छ । व्यक्तिगत प्रयोगका सुनका गहनाबाहेक अन्य जुनसकैस्वरुपको सुन अधिकतम १०० ग्रामसम्मलाई भन्सार महशुल लिइ जाँचपास गर्न सकिने तथा सोभन्दा बढी परिमाणको सुन जफत गरिने उल्लेख छ ।

व्यक्तिगत प्रयोगका लागि भए पनि एकभन्दा बढी ल्यापटप र मोबाइल फोन ल्याएमा भन्सार महसुल लाग्ने तथा मदिराका हकमा भने एकभन्दा बढी बोतल भए जफत गरिने जानकारी दिइएको छ ।

अपरिचित व्यक्तिले दिएको मालबस्तुमा अन्य कुनै अवैध बस्तु लुकाइएको छैन भन्ने सुनिश्चित नभएसम्म अरु कसैको मालवस्तु नलिन/नल्याउन पनि सबैलाई अनुरोध गरिएको छ । अपरिचित वा सामान्य परिचित व्यक्तिले विभिन्न सामाग्री आफन्तलाई पुर्‍याइ दिन अनुरोध गर्ने र भन्सारमा जाँचका क्रममा त्यस्ता मालवस्तुभित्र लुकाइछिपाइ सुन, चाँदी वा अन्य अवैध वस्तु राखेको फेला परेमा सम्बन्धित यात्रुले नै कारवाही भोग्नुपर्ने व्यवस्थाप्रति भन्सार कार्यालयले सबै तह र तप्कालाई सजग गराएको छ ।

# मङ्सिर १९ गतेदेखि बाघ गणना

चितवन, १३ मङ्सिर (रासस) ।
नेपालका राष्ट्रिय निकुञ्जमा यही मङ्सिर १९ गतेदेखि बाघ गणना गरिने भएको छ । गणनाको शुभारम्भ चितवन राष्ट्रिय निकुञ्जबाट गरिँदै छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गणनाको नेतृत्व गर्दछ ।

देशभरका पाँच निकुञ्जमा बाघ छन् । चितवन, बर्दिया, पर्सा, शुक्लाफाँटा र बाँके राष्ट्रिय निकुञ्ज तथा आसपासका वन क्षेत्रमा बाघको गणना गरिन लागेको हो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार हिउँदको समयमा बाघ बाटोमा आउने हुँदा यो समय गणनाका लागि उपयुक्त मानिन्छ ।

वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवसहितका उच्च अधिकारीको उपस्थितिमा गणनाको शुभारम्भ गरिने आचार्यले जानकारी दिनुभयो । झाडी सुक्दै गएपछि बाघ घाँसे मैदानमा बस्ने हुँदा गणना कठिन हुने भएकाले यो मौसम छानिएको हो । उहाँको भनाइमा पुस महिनाभित्रमा सम्पन्न गर्ने गरी बाघगणना गर्ने तयारी गरिएको छ । क्याप्चर रिक्याप्चड विधिबाट बाघ गणना गरिन्छ । दुई/दुई ग्रिड अर्थात चार वर्ग किलोमिटरमा एक जोडी क्यामेरा राखेर गणना गरिन्छ । कम्तीमा दुई हप्ता क्यामेरा राख्नुपर्ने उहाँको भनाइ छ ।

चितवन र पर्सालाई एउटा कम्प्लेक्स, बाँके र बर्दियालाई दोस्रो कम्प्लेक्स र शुक्लाफाँटा तथा नजिकैको लालझाडी क्षेत्रलाई तेस्रो कम्प्लेक्स बनाएर बाघको गणना गर्न लागिएको हो । सन् २०१८ मा गरिएको बाघ गणनामा नेपालमा २३५ वयस्क बाघ फेला परेका थिए । त्यतिबेला चितवनमा ९३, बर्दियामा ८७, पर्सामा १८, शुक्लाफाँटामा १६ र बाँकेमा २१ बाघ फेला परेका थिए ।

यो सङ्ख्या बढेको अनुमान छ । सन् २०१० मा रसियाको सेन्ट पिटर्सवग भएको बाघ पाइने १३ मुलुकका राष्ट्र प्रमुखको बाघ सम्मेलनमा नेपालले सन् २०२२ सम्ममा बाघको सङ्ख्या २५० पुर्‍याउने प्रतिवद्धता व्यक्त गरेको थियो । तत्कालीन समयमा नेपालका निकुञ्जमा १२१ बाघ रहेको तथ्याङ्क थियो । दोब्बरभन्दा बढी सङ्ख्या बनाउने नेपालको प्रतिवद्धता पूरा हुनेमा संरक्षणविद् विश्वस्त रहेका छन् । नेपालमा हरेक चार/पाँचवर्षको अन्तरमा बाघ गणना गर्ने गरिन्छ ।

## एकै परिवारका तीन जना मृत भेटिए

सर्लाही, १३ मङ्सिर (रासस) ।
सर्लाहीको बरहथवा नगरपालिका-१ हजरियामा एकै परिवारका तीन जना मृत भेटिएका छन् । मृत भेटिनेमा आमा र उनका दुई छोराछोरी छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्ण प्रसाईंका अनुसार कविता हजारी घरभित्रै झुण्डिएको अवस्थामा तथा उनकी ६ वर्षीया छोरी र चार वर्षीय छोरा भुईँमा लडेको अवस्थामा भेटिएका हुन् ।

घटनाबारे अनुसन्धान भइरहेको छ । तीनै जनाको शव परीक्षणका लागि जिल्ला अस्पताल मलङ्गवा ल्याइएको छ ।

# कोरोनाको नयाँ रुप ओमिक्रोन फैलिन नदिन निगरानी

काठमाडौं, १३ मङ्सिर (रासस) ।
कोरोना भाइरसको नयाँ रुप (भेरियन्ट) ओमिक्रोन देखिएपछि नेपालमा पनि सतर्कता अपनाउन थालिएको छ । दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भाइरस नेपालमा पनि फैलन सक्ने आँकलन गरिएपछि सतर्कता अपनाउन थालिएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले नेपालमा अहिलेसम्म कोरोना भाइरसको नयाँ रुप ओमिक्रोन देखापरेको पुष्टि नभएको बताउनुभयो । उहाँले नेपालमा अहिलेसम्म नदेखिए पनि फैलने भने सम्भावना रहेको जानकारी दिनुभयो । "नेपालमा पनि उक्त भाइरस फैलिने सम्भावना उच्च रहेको छ", सहप्रवक्ता डा अधिकारीले भन्नुभयो, "तर हामी फैलिन नदिनका लागि तयारी अवस्थामा रहेका छौँ ।"

उहाँका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग सिमाना जोडिएका नाकामा रहेका सहायता कक्षले विदेशबाट आउने व्यक्तिमा ओमिक्रोन भाइरसको सङ्क्रमण छ वा छैन भनेर निगरानीलाई तीव्र पारेको छ ।

यस्तै विदेशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने गरिएको र ती व्यक्तिमा कस्तो लक्षण देखिएको छ, सोको पनि निगरानी गरिएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो । ओमिक्रोन भाइरस नयाँ भएकाले यो कति द्रुतगतिमा फैलिन सक्दछ र यसले कस्तो असर पार्दछ भनेर अध्ययन हुन बाँकी छ ।

# कांग्रेस वडा अधिवेशन : सर्लाहीमा झडप हुँदा निर्वाचन अधिकृतसहित ६ घाइते

सर्लाही, १३ मङ्सिर (रासस) ।
नेपाली कांग्रेस सर्लाहीको वडा अधिवेशनस्थलमा झडप भएको छ । बलरा नगरपालिका-८ गहडीयामा झडप हुँदा मतदान अधिकृतसहित ६ जना घाइते भएका छन् ।

कांग्रेसको एउटा समूहले आफूहरुसँग बहुमत रहेको भन्दै मतदान अधिकृत उमेशचन्द्र झालाई नियन्त्रणमा लिएर एकलौटी हिसाबले अधिवेशन गराउन खोजेपछि झडप भएको हो ।

मतदान अधिकृत झालाई प्रहरीले मतदानस्थलबाट उद्धार गरी लैजान खोज्दा उनीमाथि ढुङ्गामुढा प्रहार गरिएको प्रहरीले जनाएको छ । सो क्रममा प्रहरी निरीक्षक सुरेश ठाकुर, प्रहरी सहायक निरीक्षक अरुणकुमार यादव, प्रहरी हवल्दारद्वय अवधेशप्रसाद यादव र राजेश चौधरी तथा प्रहरी जवान रामानन्द यादव घाइते भएका छन् । प्रहरीले झडपलाई नियन्त्रणमा लिन तीन राउण्ड अश्रु ग्यास प्रहार गरेको थियो ।

गम्भीर घाइते निर्वाचन अधिकृत झा र प्रहरी सहायक निरीक्षक यादवलाई उपचारका लागि वीरगञ्ज पठाइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी बाबुराम खतिवडाले जानकारी दिनुभयो । अन्य घाइतेको जिल्ला अस्पताल मलङ्गवा र सर्लाहीमा उपचार भइरहेको छ । झडपपछि वडा अधिवेशन स्थगित गरिएको छ ।

यसअघि आइतबार पनि बलरा नगरपालिका-९ अचलगढमा कांग्रेसको दुई समूहबीच झडप भएको थियो । जिल्लाका ११ नगरपालिका र नौ गाउँपालिकाका दुई सय वडामध्ये आइतबार १६० भन्दा बढी वडामा सहमतिबाटै नेतृत्व चयन भएको थियो । बाँकी वडामा सोमबार मतदान प्रक्रिया अघि बढाइएको जिल्ला निर्वाचन अधिकृत भरत राउतले बताउनुभयो । जिल्लामा सदस्यता सम्बन्धी विवाद रहेको छ ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी


### काँग्रेसमा ...

जित हात पारेको छ । सप्तरीको ४ नं. प्रदेशसभा क्षेत्रको क र ख मा भने विवादका कारण अहिलेसम्म अधिवेशन हुन सकेको छैन् ।

जिल्ला निर्वाचन अधिकारी डा. रुद्र प्रसाद शर्माले विवाद समाधान गरि एक दुई दिनमै त्यस क्षेत्रको पनि अधिवेशन सम्पन्न गराउन आफू लागि परेको बताएका छन् ।

यसैबीच नेपाली काँग्रेसको निर्वाचनमा मतगणमा रौचक घटना भएको छ । प्रदेश सभा २ नं. क्षेत्र ख को उपसभापतिमा एक जना उमेदवार गोला प्रथावाट छानिएका छन् ।

संस्थापन पक्षका मानिएका रंजित कुमार चौधरी र संस्थापन ईतर पक्षका उम्मेदवार विजय कुमार साह ले बराबर मत ल्याएपछि गोला प्रथावाट नतिजा टुङ्गयाइएको हो ।

पार्टीका प्रवक्ता प्रभातकुमार ललनका अनुसार चौधरी र साह दुबैले १ सय २९ मत प्राप्त गरेका थिए । उपसभापति पदमा दुबैको मत बराबरी भएपछि सोमबार बिहान जिल्ला निर्वाचन अधिकारी रुद्र प्रसाद शर्माको उपस्थितिमा गरिएको गोलाप्रथामा साहले बाजी मारे ।

सभापतिमा पनि संस्थापन इतर पक्षकै श्याम यादवले ५ मतले चुनाव जितेका थिए । यसअघि सम्पन्न राजविराज नगर सभापतिमा आनन्द कुमार झा र प्रदेश १ को क मा प्रदेश क्षेत्रिय सभापति पदमा परशुराम चौधरीले ५ मतको अन्तरले चुनाव जितिसकेका छन् ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np